NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

मितिः २०८१/१२/११

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ

विषयः ३८औं बार्षिक साधारण सभाको निर्णय पठाईएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८१ फागुन १५ गते यस बैंकको ३८औं वार्षिक साधारण सभा राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौंमा सम्पन्न भएकोले उक्त बार्षिक साधारण सभाको निर्णय (माईन्युट) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

भवदीय,

.........................
मनिष कुमार सिंह
कम्पनी सचिव

**नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको**
**३८औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

१. **वैधानिक सभा:**

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको मिति २०८१ साल माघ २१ गते बसेको सञ्चालक समितिको ६१५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको ३८औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी बहादुर पाँडेज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान:**

२.१ मिति : बिहीवार, २०८१ फाल्गुण १५ गते, (फेब्रुवरी २७, २०२५)
२.२ समय : बिहान १०:०० बजे ।
२.३ स्थान : राष्ट्रिय सभागृह, प्रर्दशनीमार्ग, काठमाण्डौ ।

३. **सभाको सूचना सम्बन्धी जानकारी:**

मिति २०८१ साल माघ २१ गते बसेको सञ्चालक समितिको ६१५ औं बैठकको निर्णयानुसार बोलाइएको यस बैंकको ३८औं वार्षिक साधारणसभाको लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावलीको नियम ४ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने ठाँउ, मिति र साधारण सभामा पेश गर्नु पर्ने तथा निर्णय गर्नु पर्ने विषयवस्तुहरु उल्लेख गरी कारोवार दैनिकमा मिति २०८१ साल माघ २२ गते र नागरीक दैनिकमा मिति २०८१ साल माघ २३ गते सूचना प्रकाशित गरी जानकारी गराईएको छ ।
बैंकले कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि कारोवार दैनिकमा मिति २०८१ साल माघ २२ गते र नागरीक दैनिकमा मिति २०८१ साल माघ २३ गते ३८औं वार्षिक साधारण सभाको सुचना समेत समावेस गरी पुरा पृष्ठ प्रकाशित गरिएको व्यहोरा जानकारी गराउंदछौं ।
कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयबस्तु समेत उल्लेख भएको बैंकको ३८औं बार्षिक प्रतिवेदन विद्युतीय सञ्चारमाध्यम, बैंकको Website www.nimb.com.np मा पनि राखिएको छ ।

४. **सभाको विषय सूची :**

**४.१ छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :**

*क) सामान्य प्रस्ताव :*

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८१ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "एनआइएमवि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको

नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरिक्षक श्री जि.पी. राजवाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजवाहकज्यू पुनः नियुक्त हुन सक्नुहुनेछैन) ।

५. संस्थापक शेयरधनीहरुको तर्फबाट ४(चार) जना र सर्बसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

*ख) विशेष प्रस्ताव :*

१. साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरबदन गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने ।

ग) विविध :

५. उपस्थिति:

**५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

| | | |
|---|---|---|
| (क) श्री पृथ्वी बहादुर पाँडे | - | अध्यक्ष |
| (ख) श्री प्रजन्य राजभण्डारी | - | सञ्चालक |
| (ग) श्री कवि कुमार टिवरेवाला | - | सञ्चालक |
| (घ) श्री गोपाल खनाल | - | सञ्चालक |
| (ङ) श्री मदन कुमार आचार्य | - | सञ्चालक |
| (च) श्रीमती मञ्जु बस्नेत | - | सञ्चालक |

**५.२ पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क | श्री ज्योति प्रकाश पाण्डे | प्रमुख कार्यकारी अधिकृत |
| ख | श्री महेश शर्मा ढकाल | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ग | श्री सचिन टिबडेवाल | नायब महाप्रबन्धक |
| घ | श्री सुजाता जोशी | नायब महाप्रबन्धक |
| ङ | श्री अमित श्रेष्ठ | नायब महाप्रबन्धक |
| च | श्री प्रज्ञा पाण्डे | नायब महाप्रबन्धक |
| छ | श्री राजेश शर्मा | नायब महाप्रबन्धक |
| ज | श्री उज्वल मानन्धर | सहायक महाप्रबन्धक |
| झ | श्री मेख बहादुर थापा थाडा | सहायक महाप्रबन्धक |

**५.३ आमन्त्रित:**

| | |
|---|---|
| १.श्री शिव कुमार श्रेष्ठ | – निर्वाचन अधिकृत |
| २. श्रीमती दिपा श्रेष्ठ | - सहायक निर्वाचन अधिकृत |
| ३. श्री मदन के.सी | - प्रतिनिधि, लेखापरिक्षक |

NEPAL INVESTMENT MEGA BANK LTD.

२।१४

**५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):**

बैंकको हाल कायम कुल चुक्ता पुंजी रु. ३४,१२,८५,९४,८९६।५२ (अक्षरुपी चौतिस अर्व बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छ्यानब्बे रुपैया बाउन्न पैसा मात्र) को रु.१०० अंकित दरका ३४,१२,८५,९४८.९६ (चौतिस करोड  बाह्र लाख पचासी हजार नौ सय अड्चालीस दशमलव छ्यानब्बे) कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु:

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कुल प्रतिनिधि प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | ३४१,२८५,९४८.९७ | ३७,६३७,९६६ | १५२,८७५,७८७ | १९०,५१३,७५३ | ५५.८२ |
| शेयरधनी | ३४३,८८९ | १,९६८ | २,८५६ | ४,८२४ | |

**६.सभाको वैधानिकता र गणपुरक संख्या:**

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्धपत्र, नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको ३८औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषयसूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारबाही अगाडि बढाउन सहमति दियो ।

**७. सभाको सभापतित्व:**

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम ६ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी बहादुर पाँडेज्यूलाई ३८औं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

**८. सभाको उद्घाटन र सभा सञ्चालन:**

बैंक सञ्चालक समितिका अध्यक्षले बैंकको ३८औं वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार कम्पनी सचिवको अनुरोधमा अध्यक्ष तथा कार्यक्रमका सभापतिज्यूको निर्देशानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

**९. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती:**

९.१.आर्थिक वर्ष २०८०/०८१ सम्मको बैंकको अवस्था, प्राप्त उपलब्धीहरु र भावी कार्यक्रमका बारेमा प्रमुख कार्यकारी अधिकृत श्री ज्योति प्रकाश पाण्डेज्यूले प्रकाश पार्नु भयो ।

९.२.सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको ३८औं वार्षिक प्रतिवेदन सभा समक्ष सुनाउनु भयो ।

९.३.सभाका सभापतिज्यूले सञ्चालक समितिका ३८औं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको एकीकृत बासलात तथा एकीकृत नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण ( सहायक कम्पनी समेतको) लगायत अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई आह्वान गर्नुभयो ।

१०. **छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरू:**

छलफलका लागि सभापतिज्यूले आह्वान गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आ-आफ्नो नाम दिनु भयो । शेयरधनी महानुभावहरुले क्रमशः आ-आफ्नो राय तथा सुझावहरु राख्नु भयो । उहाँहरुका राय/सुझावहरु तथा सो माथि बैंक व्यवस्थापन तथा संचालक समितिका अध्यक्षज्यूको तर्फबाट गरिएको सम्बोधनलाई यसै निर्णय पुस्तिकाको अनुसूची १ मा उल्लेख गरिएको छ ।

११. **प्रस्ताव तथा निर्णय :**

सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरीएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय भयो ।
क) सामान्य प्रस्ताव :

**१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८१ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८१ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**३. यस बैंकको सहायक कम्पनी "एनआइएमवि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गर्ने ।**

यस बैंकको सहायक कम्पनी "एनआइएमवि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरिक्षक श्री जि.पी. राजवाहक एण्ड कम्पनीको तर्फबाट अशोष राजवाहकज्यू पुनः नियुक्त हुन सक्नुहुनेछैन) ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा वर्तमान लेखापरिक्षक पुनः नियुक्त हुन नसक्ने अवस्था रहेकोले लेखापरिक्षण समितिको सिफारिस बमोजिम चार्टड एकाउण्टेन्टस् फर्म **M/s PKF T R Upadhya & Co.** लाइ रु.५६,९०,०००।– (छपन्न लाख नब्बे हजार मात्र) पारिश्रमिक तथा शुल्क (inclusive of VAT, professional fees for other services and out of pocket expenses) प्रदान

गर्ने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरियोस भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**५. संस्थापक शेयरधनीहरुको तर्फबाट ४(चार) जना र सर्बसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने प्रस्ताव रहेकोमा संस्थापक शेयरधनीहरुको तर्फबाट निर्वाचित गर्नुपर्ने संचालकहरुको संख्या र उम्मेदवारी कायम रहेका उम्मेदवारहरुको संख्या बराबरी भएकोले संस्थापक शेयरधनीहरुको तर्फबाट श्री पृथ्वी बहादुर पाँडे, श्री प्रजन्य राजभण्डारी, श्री मदन कुमार आचार्य र श्री दिपंकर शाक्य उदय संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृतज्यूबाट सभा समक्ष घोषणा गर्नुभयो ।

साथै, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनको लागि सो समूहको तर्फबाट मनोनयन पत्र दर्ता गरी उम्मेदवारी कायम रहेका संचालक पदका उम्मेदवारहरुको बीचमा निर्वाचनको लागि सोहि समूह अर्थात् सर्वसाधारण शेयरधनीहरुबाट मतदान गराई मतगणना गर्दा क्रमश: श्री कवि कुमार टिबरेवाला तथा श्री शालिक राम बेल्बासे ले सबैभन्दा बढी मत प्राप्त गर्नुभएको हुँदा उहाँहरु सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक पदमा निर्वाचित हुनुभएको व्यहोरा समेत निर्वाचन अधिकृतज्यूबाट सभा समक्ष घोषणा गर्नुभयो ।

निर्वाचन सँग सम्बन्धित निर्वाचन अधिकृतज्यूको प्रतिवेदन सहितको सम्पूर्ण कागजात बैंकमा सुरक्षित राखिएको छ ।

***ख) विशेष प्रस्ताव :***

**१. साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने ।**

साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरियोस भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**ग. विविध :** विविध अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१२. धन्यवाद ज्ञापन :**

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु पारित भएपछि बैंकको ३८औं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा सबै शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो। बैंकको ३८औं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने प्रमुख कार्यकारी अधिकृत, बैंकको उच्च व्यवस्थापनका पदाधिकारीहरु तथा बैंकका सम्पूर्ण कर्मचारीहरु साथै साधारण सभा सम्पन्न गर्नका लागि विशेष सहयोग पुऱ्याउनु हुने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, एनआईएमबि एस क्यापिटल लि., एनआईएमबि स्टक मार्केट्स लि., सुरक्षा निकायका सुरक्षाकर्मीहरु, विभिन्न संघसंस्थावाट पाल्नु भएका प्रतिनिधि, यस बैंकको वाह्य लेखापरीक्षक श्री जि.पी. राजवाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजवाहकज्यूलाई विशेष धन्यवाद दिनु भयो ।

NEPAL INVESTMENT MEGA BANK LTD.

५/१४

**१३. सभा बिसर्जन:**

अन्त्यमा, साधारण सभाको अन्य प्रस्तावहरु दिउँसो २:०० बजे सम्पन्न भै सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनको लागि मतदानको कार्य दिउँसो ४:३० बजे देखि बेलुकि ८:३० बजेसम्म भएकोमा मतगणना गरी बेलुकि ११:०० बजे निर्वाचनको परिणाम घोषणा पश्चात् विधिवत् साधारण सभाको समापन गरियो ।

| | |
|---|---|
| ........................ | ........................ |
| मनिष कुमार सिंह | पृथ्वी बहादुर पाँडे |
| कम्पनी सचिव | सभापति |

मिति : २०८१ फाल्गुण १५ गते ।

## अनुसूची १ (माइन्यूटको बुँदा नं. १० संग सम्बन्धित)

छलफलमा भाग लिनु भएका शेयरधनी महानुभावहरुको नाम तथा उहाँहरुबाट व्यक्त धारणाको सार संक्षेप तथा सो माथि बैंक व्यवस्थापनको तर्फबाट गरिएको सम्बोधन देहाय बमोजिम रहेको छ ।

**१) शत्रुघन श्रेष्ठ :**

- आर्थिक वर्ष २०८०/८१ मा बैंकले शेयरधनीहरुलाई कुनै पनि लाभांश नदिएकोमा गुनासो व्यक्त गर्नु भयो र लाभांश दिन नसक्नुमा मर्जरको कारण होकि भनेर प्रश्न उठाउनु भयो र मर्जर अगाडि बैंकले राम्रो लाभाशं दिदै आएकोमा जब केहि फाइनान्स, विकास बैंक र मेगा बैंक सँगको मर्जर पश्चात् बैंकको प्रफरमेन्स बिग्रीदै गएको भन्ने धारणा राख्नु भयो ।
- राष्ट्र बैंकले अस्थिर नीति, प्रोभिजनहरुको दर बढाएको र अन्य राजिनितिक कारणले गर्दा समग्र बैंकिङ्ग प्रणालीमा असर गरेको जसको कारण अन्य बैंकहरुले पनि व्यवसाय विस्तार, कर्जा असुली लगायतका समस्याहरु भोगिरहेको भन्ने धारणा राख्नु भयो ।
- अहिले देशमा देखापरेको आर्थिक संकट, आन्तरिक तथा बाहिरी परिस्थीतिको कारणले गर्दा लगानिको वातावरण अनुकुल नभएकोले गर्दा बैंकहरुमा अत्याधिक तरलता बढेको, विसम राजनितिक परिस्थीति, बैंक तथा वीत्तिय संस्था विरुद्धको आन्दोलन, कर्जा मिनाहा हुने लोभको कारणले केहि व्यक्तिहरुले कर्जा नतिरेकोले गर्दा बैंकहरुलाई समस्या भएको र व्यवसाय गर्न अनुकुल वातावरण नभएको अवस्थामा कसरि व्यवसाय वृद्धि गर्ने भनेर बैकल्पीक उपायहरुको खोजि गर्नु पर्ने धारणा राख्नु भयो ।
- बैंकले लाभाशं दिन नसके पनि बैंकका सूचकहरु राम्रा देखिएको निक्षेप बृद्धि भएको, कर्जा लगानी बढेको, खर्च घटेको कारणले आगामि आर्थिक बर्षहरुमा बैंकले शेयरधनीहरुलाई राम्रो लाभाशं दिने आशा व्यक्त गर्नु भयो ।

**२) व्यास कुमार शर्मा :**

- अध्यक्षज्यूबाट अहिलेको समसामायीक विषयवस्तु तथा बैंकले गरेको प्रगतिको बारेमा धेरै कुराहरु आएको र बैंकको निक्षेप बढेको, कर्जा विस्तार पनि बढेको, बैंकको रिर्जभ मा बृद्धि भई ३२ अर्ब पुग्नु निकै राम्रो भएको भन्ने धारणा व्यक्त गर्नु भयो ।
- बैंकको व्यालेन्स सिट चार दशमलव नौ दुई खर्बको पुगेको देख्दा खुसी लागेको र नाफा नोक्सानको कुरामा धेरै शेयरधनीले कुरा नबुझेको भन्ने धाराण व्यक्त गर्नु भयो ।
- विगतमा भन्दा यो आर्थीक वर्ष २०८०/०८१ मा बैंकले सबै सेक्टरमा राम्रो सुधार गरेको र इमपेरिमेन्ट चार्ज बढेकोले नाफा घटेको भन्ने धारणा राख्नु भयो ।
- बैंकले राम्रो नाफा कमाउदा पनि शेयरधनीहरुको हात खाली भएको धारण राख्नु भयो ।
- नेपाल राष्ट्र बैंकले लिएका नीति, नियम, देशको राजनितिक परिस्थीती, देश ग्रे लिस्टमा पर्नु र USAID ले नेपाललाई दिदै आएको सहयोग रोक्काले आगामि दिन बैंकहरुलाई कठिन भएको धारणा राख्नु भयो ।
- NPL बढेको र असुलीमा केन्द्रित हुने Non Banking Assets हरुको बिक्रिमा केन्द्रीत भई आगामी वर्ष शेयरधनीको खालिहात हुन नपर्ने आशा व्यक्त गर्नु भयो ।

**३) उद्धव घिमिरे :**

- अध्यक्षले सुरुमा आफ्नो धारणा राख्दै बैंकले आर्थिक बर्ष २०८०/०८१ मा गरेका कार्य प्रगति लगायत धेरै कुराहरुको बारेमा निकै राम्रो तरिकाले सबैले बुझ्ने गरि प्रस्ट पार्नुभयो ।

७/१४

NEPAL INVESTMENT MEGA BANK LTD.

- बैंकले ५ अर्व भन्दा धेरै रकम रिर्जभमा राख्नु परेको कारणले खुद नाफामा प्रभाव परेको भन्ने धारणा राख्नु भयो ।
- Regulatory Body ले दिएको निर्देशन पालना, बैंकले लिएको नीति पोलिसी र Team Work राम्रो भएकोले बैंकले प्रगति गर्दै गएको देखिन्छ भन्नु भयो ।
- सरकारका अस्थीर नीतिहरुले प्रभावित पारे पनि बैंकले राम्रो प्रगति गरेको भन्ने धाराणा राख्नु भयो ।
- बैंकको वार्षीक प्रतिवेदनमा बैंकका शाखाहरु ७७ वटा जिल्लामा पुगेकोले भौगलिक स्थिति देखिने गरि नेपालको नक्सा राख्दा राम्रो हुने धारणा राख्नु भयो ।

४) गुण राज भट्ट :

- ३८ वर्षमा आइपुग्दा बैंकले लगातार दोस्रो बर्ष शेयरधनीले लाभाशं पाउन नसकेता पनि बैंकको संचालक समिति, व्यवस्थापन र कर्मचारिहरुले मेहनत गरेर काम गरेकोले बैंकले राम्रो सुधार गर्दै गएको देखिने र सबैंलाई धन्यवाद भन्नु भयो ।
- बैंक तथा वित्तिय संस्था विरुद्ध भ्रम फैलाउने, आन्दोलन गर्ने र कर्जा नतिर्ने जस्ता कार्य हुदा पनि सरकार मुकदर्शक बनेको नियन्त्रण गर्न असफल भएको कारणले बैंक तथा वित्तिय संस्थाहरुको खराब कर्जा बढेर संकटमा परेका त्यसैले लाभाशंमा पनि असर गरेको भन्ने धारणा राख्नु भयो ।
- बैंकको NPL बढेको, Non Banking Assets बढेको र त्यसको लिलामी गर्न पनि कानुनी विभिन्न झन्झटहरु रहेको कारणले गर्दा यसलाई समाधान कसरि गर्न सकिन्छ उपायहरु खोज्न सुझाव
दिनुभयो ।
- बैंकको प्रगतिको लागि संचालक समिति बैंक व्यवस्थापन र कर्मचारिहरु मेहनतको साथ लागि रहेकोले आगामि वर्ष लाभाशंको आशा राख्दै आफ्नो मन्तव्य टुंगाउनु भयो ।

५) ब्रम्ह देव शाक्य :

- साधारण सभामा छलफलका लागी पेश भएका एजेन्डाहरुमा लाभांस सम्बन्धी एजेन्डा नहुनु दुखद भएको सुनाउनुभयो ।
- बैंकको NPL बढेको र सो घटाउन ठोस र प्रभावकारी कदम चाल्न बैंक व्यवस्थापनलाई सुझाव दिनुभयो ।
- अहिलेको अवस्थामा नेपाल ग्रे लिस्टमा परेकोल त्यसबाट बाहिर निकाल्न सरकारले राम्रो नीति ल्याउनु पर्ने र त्यसमा बैंकहरुको महत्वपूर्ण भूमिका हुने धारणा राख्नुभयो ।
- बैंकको नियुक्ति गर्ने लेखापरिक्षकको शुल्क नबढाउन सुझाव दिनुभयो ।
- पशुपति क्षेत्र विकास कोषलाई दिदै आएको सहयोग राम्रो भएको र पशुपति क्षेत्रको सरसफाई लाई ध्यान दिन तथा शौचालय निर्माण गर्दिन पनि सुझाव दिनुभयो ।
- बैंकले राम्रो प्रगति गरिरहेकोमा कार्यकारी प्रमुख, संचालक समिती र सम्पूर्ण बैंक कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अझै राम्रो सँग कार्यसम्पादन गर्न सुझाव दिनुभयो ।

६) भक्ति प्रसाद उप्रेती :

- बैंकको ३८ औं साधारण सभा राम्रो सँग सम्पन्न होस भन्ने शुभकामना र साधारण सभाको सफलताको शुभकामना सहित मन्तव्यको सुरुवात गर्नुभयो ।
- बैंकको अध्यक्षज्यूले सुरुवातमा नै आगामि आर्थिक बर्षमा लाभाशं दिने कोसिस गर्ने भन्ने कुरामा आफुले आश गर्न नसक्ने त्यो निकै नै कठिन भएको बैंकको वितरणयोग्य मुनाफा धेरै माइनस भएकोले आश गर्ने ठाँउ नरहेको भन्नु भयो ।
- बैंक संचालनमा कुनै पनि कमजोरि नदेखिएको बैंकको प्रगति पनि राम्रो रहेको डिपोजिट बढेको, कर्जा विस्तार बढेको हुनाले बैंक राम्रो सँग संचालन भएको भन्ने धारणा राख्नु भयो ।
- यस आर्थिक वर्षमा बैंकको Net Interest Income २.८ अर्बले बढेको, गैर ब्याज आम्दानी पनि राम्रो देखिएको र Foreign Exchange को आम्दानी अघिल्लो वर्ष भन्दा घटेकोले यसलाई पनि बढाउन पर्ने सुझाव दिनु भयो ।
- खर्च तर्फ बैंकले कमाएको Net Interest Income को ३५.३ प्रतिशत मात्र खर्च गरेकोले खर्च तर्फ बैंक राम्रो स्थानमा रहेको र बैंकको खुद नाफा पनि अघिल्लो आर्थीक बर्षको तुलनामा ३८ करोडले बढाउन सफल भएकोमा बैंकलाई धन्यवाद दिनुभयो ।
- सरकार बैंकहरुबाट कर उठाउदा गर्ने आम्दानी गणनाको प्रणाली सहि नभएको हुँदै नभएको नाफामा कर लिन नहुने धारणा राख्नु भयो ।
- बैंकले कर्जा असुलीमा ध्यान दिनुपर्ने, Non Banking Assets लाई पनि बिक्रि गरेर आम्दानी बढाउन पर्ने सुझाव दिनुभयो ।
- बैंक अहिले धेरै ठूलो भएको र २० वटा बैंकहरु मध्ये दोस्रो नम्बरमा रहेको हुनाले अब बैंकलाई शाखा विस्तार र मर्जरको आवश्यकता नरहेको हुनाले बैंक बिजनेस विस्तारमा लाग्नु पर्ने सुझाव दिनु भयो ।
- शेयरधनीहरुले लिनु पर्ने लाभाशंको रकम बिभिन्न आर्थीक बर्षको बढ्दै गएकोले त्यसलाई कसरि वितरण गर्ने शेयरधनीहरु सँग सम्पर्क विस्तार गर्न सुझाव दिनु भयो ।
- लेखा परिक्षक नियुक्ति गर्दा राम्रो लेखा परिक्षक छनोट गर्न सुझाव दिनु भयो । लेखा परिक्षकको कारणले बैंकको साधारणसभा समयमा हुन नसकेको हो कि समयमा किन प्रदिवेदन दिन सकेन भन्ने जिज्ञासा राख्नु भयो ।
- अब निर्वाचीत हुने संचालकहरुको काधमा ठूलो जिम्मेवारि आएको र उहाँहरुले बैंकको स्थीतिमा सुधार गरेर लैजानु हुन्छ भन्ने धारणा राख्नु भयो ।

७) डिल्लीराम नकर्मी :

- बैंकको वार्षीक प्रतिवेदमा जेष्ठ नागरिकहरुको बारेमा एक शब्द पनि उल्लेख नभएकोमा गुनासो गर्दै बैंकले सामाजिम उत्तरदायित्तव अन्तर्गत जेष्ठ नागरिकको हक हितमा पनि केहि रकम खर्च गर्दा राम्रो हुने सुझाव दिनु भयो ।
- मानव संसाधनको बारेमा धेरै नै कुरा आयो संस्था चलाउन कर्मचारीको धेरै नै आवश्यकता हुन्छ कर्मचारीको क्षमता बृद्धि गर्न विभिन्न तालिमहरुको आवश्यकता पर्छ यसको लागि संस्थाले विभिन्न तालिमहरु दिनु आवश्यक हुन्छ भन्ने सुझाव दिनुभयो ।
- मर्जर भएर आएको कर्मचारिहरुलाई हेर्ने दिष्टीकोण फरक पर्ने गरेको भन्ने गुनासोहरु अहिले मर्जर भएको संस्थाहरुमा सुनिदै आएको छ त्यसो गर्न नहुने सबैलाई समान नजरले व्यवहार गर्न सुझाव दिनु भयो ।

➢ सामाजिम उत्तरदायीत्व अन्तरगतको रकम सहि र उपयोगी ठाँउमा खर्च गर्न सुझाव दिनुभयो ।

८) **प्रतिक खताल :**

➢ आफुले राख्न खोजेका सबै विषयहरु पूर्व बक्ताहरु बाट आईसकेको हुनाले आफूले ति विषयहरु राखेर समय नलिने भन्दै आफ्नो छोटो मन्तव्य सक्नुभयो ।

९) **इन्द्र कृष्ण श्रेष्ठ :**

➢ मर्जरको कारणले शेयरधनीहरु मर्कामा परेको, पहिले निकै राम्रो गरिरहेको यो बैंक मर्जर पश्चात् समस्यामा परेको मर्जरको आवश्यकता नै नभएको भन्ने धारण राख्नु भयो ।

➢ बैंकको अध्यक्ष र कार्यकारी प्रमुखको क्षमता राम्रो भए पनि बैंकले प्रगति गर्न सकेन भने त्यसको कुनै अर्थ नहुने त्यसैले बैंकको प्रगति राम्रो देखिन पर्ने धारणा राख्नु भयो ।

➢ सरकारले कर उठाउने, कर्मचारीले बोनस खाने बैकले नाफा कमायो भन्ने तर शेयरधनीलाई लाभाशं नदिने यस्तो प्रकारको नीति ठिक नभएको गुनासो राख्नु भयो ।

➢ बार्षीक प्रतिवेदनमा अक्षरहरु एकदम मसिनो भएको र चाहिने भन्दा धेरै कुरा अंग्रेजीमा लेखिएकोमा यसलाई धेरै भाग नेपालीमा र केही मात्रामा अंग्रेजिमा लेख्नु पर्ने धारण राख्नु भयो ।

➢ आगामि बर्ष बैंकले राम्रो प्रगति गरोस भन्ने शुभकामना दिएर आफ्नो मन्तव्य सक्नुभयो ।

१०) **सुवास चन्द्र भट्टराई :**

➢ यति राम्रो बैंकले लाभाशं नदिएकोमा आफूलाई दुख लागेको धारण राख्नु भयो ।

➢ सरकारले नेपालमा कर्पोरेट सेक्टरमा लिने गरेको Tax धेरै भएको र सो अनुरुप नागरिकलाई स्वास्थ र शिक्षामा कुनै सुविधा दिन नसकेको भन्ने धारण राख्नु भयो ।

➢ यस बैंकको शेयरमुल्य अहिले धेरै नै कम मुल्यमा बजारमा पाईएकोले यो शेयर किनेर बस्ने समय भएको आफूलाई लागेको धारणा राख्नु भयो ।

➢ बैंकको भविष्य सुनौलो हुने आशा गरेको बताउनु भयो ।

➢ बैंकले अहिले लिएको नितिहरु राम्रो भएको भन्नु भयो ।

११) **गोविन्द गौतम :**

➢ बैंकको अघिल्लो साधारणसभा देखि संचालकहरुको निर्वाचनको बारेमा विभिन्न कानूनी झमेलाहरु भएको र अहिलेसम्म आईपुग्दा सबै कुरा मिलेको र त्यसमा आफूले पनि भूमीका खेलेको बताउनु भयो ।

➢ आगामि बर्ष देखि बैंकले लाभाशं दिने आशा गर्दै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१२) **रोज कुमार श्रेष्ठ :**

➢ सबैजनाको गुनासो लाभाशं नपाएकोमा सुनियो त्यस्तो हुने नै भयो तर बैंकले नाफा राम्रो गरेको देखिन्छ । बैंकको EPS घटेको छ अघिल्लो वर्षको तुलनामा र बैंकको Net Profit बढेको छ तर Operating Profit घटेको हुनाले यो राम्रो नभएको धारणा राख्नु भयो ।

NEPAL INVESTMENT MEGA BANK LTD.

- बैंकले आगामि वर्षमा Non Banking Assets को बिक्रि बढाउने र NPL घटाउने आशा गरेको भन्नु भयो ।
- बैंकको NPA बढ्नु दुखको कुरा भएको बताउनु भयो ।
- गैर बैंकिङ्ग सम्पत्ति बिक्रि गर्नेको लागि कम्पनी खोल्ने कुरा आएको छ ऐन निर्माण हुँदै गरेको कुरा आएको छ यो पक्कै पनि राम्रो कुरा हो भन्नु भयो ।
- आगामि वर्ष शेयरधनीहरुले ५ देखि ७ प्रतिशत सम्म लाभाशं पाउने आशा राखेको बताउनु भयो ।

१३) महेन्द्र बहादुर श्रेष्ठ :

- मर्जरको कारणले गर्दा बैंकमा समस्या आएको र शेयरधनीहरुले लाभाशं नपाएकोले समस्या उत्पन्न गरेको धारणा राख्नु भयो ।
- मर्जर पश्चात् बैंकमा विभिन्न कन्फील्क्टहरु आएको हुनाले ति सबैलाई समाधान गरेर अगाडि बढ्न सुझाव दिनुभयो ।
- घर जग्गाको कारोबारमा सम्पत्तिको मुल्याङकन धेरै उच्च हुने भएकोले त्यसले बैंकहरुलाई समस्यामा पार्ने हुनाले सरकारि तवरबाट यसको समाधान गर्न सुझाव दिनु भयो ।
- बैंकले आफूलाई Digitallization तिर फोकस गर्न र साइवर सुरक्षामा लगानी बढाउन पनि सुझाव दिनु भयो ।
- Digital Banking कारोबारमा शुल्क लगाउन नहुने धारणा राख्नु भयो ।
- राम्रो लाभाशं दिन र AGM समयमै गर्न सुझाव दिनुभयो ।

१४) जिवन लाल बर्जाचार्य :

- धेरै जसो बक्ताहरुले राम्रो शुसासनको कुरा उठाउनु भयो । अहिले यस हलमा भन्दा बाहिर शेयरधनीहरु धेरै भएको र यहाँ भएकाको कुरा मात्र शेयरधनीको धारणा नभएको भन्दै शेयरधनीहरुलाई खानाको राम्रो व्यवस्थापन नभएको गुनासो समेत गर्नु भयो ।
- पहिले पहिले बैंकले शेयरधनीलाई राम्रो लाशांस दिएको तर अहिले रिर्जभमा धेरै रकम हुँदा पनि बैंकले शेयरधनिहरुलाई हात खाली बनाएको भन्ने गुनासो गर्नु भयो ।
- आगामि वर्ष बैंकको रिकभरी कसरि गर्ने नाफा कसरि बढाउने भन्ने Action Plan बनाएर बैंक अगाडी बढ्नु पर्ने सुझाव दिनु भयो ।
- अब आउने संचालक समितीलाई शुभकामना दिदैं अर्को वर्ष देखि राम्रो लाभाशं दिने वातावरण बनाएर काम गर्न सुझाव दिनु भयो ।

१५) निरुपमा गुप्ता :

- बैंकको Performance राम्रो देखिन्छ, Paid up Capital राम्रो भएको रिर्जभ र पूँजिको हिसाबमा सबै ठिक भएको धारणा राख्नु भयो ।
- NPL बढेको छ यसलाई घटाउन सुझाव दिनुभयो ।
- बैंकको खर्च बढेको देखिन्छ यसलाई नियन्त्रण गर्न सुझाव दिनुभयो ।
- आगामि दिनमा बैंकले के कस्ता कार्ययोजना बनाएको छ त्यस बारे प्रष्ट पार्न माग गर्नु भयो ।
- बैंकको Operation खर्च बढेको र त्यसलाई नियन्त्रण गर्न सुझाव दिनु भयो ।

➢ बैंकको EPS लगाएत अन्य सूचकहरु राम्रो रहेको भन्नु भयो ।

१६) **उत्सव सुन्दर श्रेष्ठ :**

➢ शेयरधनीहरुको सभामा उल्लेखनीय उपस्थिति देखेर खुशि लागेको अरु संस्थाहरुको साधारणसभामा हल खालि हुने गरेकोमा यहाँ धेरै शेयरधनीहरु उपस्थीत भएकोमा खुशि लागेको बताउनु भयो ।

➢ साधारणसभा स्थलमा पार्किङ्गको सुविधा नभएको गुनासो गर्नु भयो ।

➢ सामाजिक उत्तरदायित्वको रकम सहि ठाँउमा खर्च नभएको भन्ने गुनासो गर्नु भयो र सो रकम अनाथालय र वृद्धाआश्रमहरुमा पनि दिनु पर्ने धारणा राख्नु भयो ।

➢ संचालकहरुको शेयर संख्या प्रतिवेदनमा स्पष्ट नखुलेको हुँदा खुलाएर राख्न सुझाव दिनु भयो ।

१७) **मेजर कुवेर श्रेष्ठ :**

➢ अध्यक्षज्यूको मन्तव्यमा धेरै जनाको मनमा लागेको कुरा आयो तर पनि केही आउनै पर्ने कुरा आएन कि भन्ने धारणा राख्नु भयो ।

➢ बैंकले आर्थीक वर्षमा ८ अर्व भन्दा धेरै आम्दानी गरेको भएतापनी चार अर्व भन्दा धेरै प्रोभिजनमा राख्नु परेको हुनाले बैंकले लाभांश दिन नसकेको बताउनु भयो ।

➢ बैंकले राम्रो सँग कर्जा असुलि गरेको र कर्जा विस्तार गर्न सकेको नदेखिएको बताउनु भयो ।

➢ रिर्जभमा धेरै रकम भएकोले त्यहाँबाट भए पनि लाभाशं वितरण गर्नु पर्ने धारणा राख्नु भयो ।

➢ बैंकको खर्च बढेकोले सो लाई घटाउन सुझाव दिनु भयो ।

➢ USAID ले खर्च कटौति गरेकोले त्यहाँबाट आएको रकम जम्मा हुने खाताहरु खोलेको भए ति खाताहरुलाई निगरानी गर्नु पर्ने र त्यसले बैंकलाई असर पार्ने नपार्ने बुझेर अगाडि बढ्न सुझाव दिनु भयो ।

➢ आगामि वर्ष लाभाशं पाउने आशा राख्नु भयो ।

➢ यो देशको अस्थिर नीतिको कारणले बैंकिङ्ग क्षेत्र राम्रो हुन नसकेको, CSR अन्तर्गत बैंकले दिएका क्षेत्रहरुको रकम पारदर्शी नभएको, CSR को रकम विपन्न वर्गलाई नदिएर पशुपति क्षेत्रमा दिएकोमा गुनासो गर्नु भयो र पशुपति विकास कोषलाई दिएको रकम कटौति गर्न सुझाव दिनुभयो ।

१८) **तारा प्रसाद सापकोटा :**

➢ बैंकको ३७ औं साधारणसभा अगाडी नै रिट हालेर आफूले संचालक समितिको निर्वाचन स्थगित गराएको र यो एक बर्षको अबधिमा बैंकको बारेमा धेरै कुरा अध्यन गरेको र बैंक धेरै राम्रो सँग संचालन रहेको बैंकको कारणले भन्दा पनि राष्ट्र बैंक तथा अन्य निकायहरुको निति नियमको कारणले बैंक यो अवस्थामा पुगेको धारणा राख्दै यो पटक आफू संचालको उमेदवार नभएको बताउनु भयो ।

➢ आफूले मुद्धा टुंगाएर बैंकलाई सहि बाटोमा लैजान र सक्षम मान्छेहरुलाई बैंकको नेतृत्व दिएर जानु पर्ने बताउनु भयो ।

➢ बैंकलाई बुझेको अनुभवि मान्छेहरुलाई संचालकमा ल्याउनु पर्ने समेत बताउनु भयो ।

➢ सक्षम महिलाहरु लाई पनि बैंकको संचालकमा ल्याउन पर्ने भन्नु भयो ।

➢ आगामि वर्ष १० प्रतिशत मुनाफा को आशा गरेको पनि बताउनु भयो ।



NEPAL INVESTMENT MEGA BANK LTD.

१९) **मेख नाथ काफ्रि :**

- ➢ बैंकले आफूहरुको कुरा नसूनेको गुनासो गर्नु भयो ।
- ➢ बैंकका शाखाहरु धेरै भएको नजिक नजिक रहेकोले कटौति गर्नुपर्ने धारणा राख्नु भयो ।
- ➢ बैंकको वितरण योग्य नाफा अझै माइनसमा रहेकोले आगामि वर्ष पनि मुनाफा वितरण गर्न कठिन देखिएको बताउनु भयो ।
- ➢ बैंकका संचालकहरु तथा प्रमुख कार्यकारीलाई बैंकको अहिलेको अवस्थाबाट सुधार गर्न सुझाव दिनु भयो ।

२०) **लव राज जोशी :**

- ➢ मर्जर अगाडि दुई बैंकहरुले राम्रो लाभांश दिने गरेको भएता पनि मर्जर पश्चात् दिन नसकेकोमा गुनासो गर्नु भयो ।
- ➢ आफूले मर्जर अगाडि नै मर्जर उपयुक्त नभएको मर्जर गर्न नहुने सुझाव दिएको तर मर्जर पश्चात् खासै प्रगति गर्न नसेकोले मर्जर उपयुक्त नभएको प्रमाणीत भएको बताउनु भयो ।
- ➢ विधि अनुसार बैंक नचलेको, शेयरधनीलाई र ग्राहकलाई पनि राम्रो सेवा सुविधा नदिएको गुनासो गर्नु भयो ।
- ➢ बैंकले केहि शाखाहरु घटाउँदा पनि खर्च खासै घटेको नदेखिएको धारणा राख्नु भयो ।
- ➢ बैंकले कर्जा लगानी गर्दा जथाभावी रुपमा लगानी गरेको हुनाले अहिले कर्जा असूलीमा समस्या आएको धारणा राख्नु भयो ।
- ➢ लाभांश नपाउनाले शेयरधनीहरुलाई समस्या भएको बताउनु भयो ।
- ➢ राष्ट्र बैंकको नीति राम्रो नभएको पहिले लाईसेन्स दिने अनि मर्जर गर्ने फेरि लाईसेन्स दिने गर्नाले यसले समस्या मात्र गराएको धारणा राख्नु भयो ।
- ➢ यस पटकको संचालकको निर्वाचन मार्फत आउने नयाँ संचालक समितिले बैंकलाई सहि दिशातिर लगोस भन्ने शुभकामना दिनुभयो ।

२१) **सिता राम गुरुङ्ग :**

- ➢ धेरै जना शेयरधनीबाट धेरै कुराहरु आईसकेको हुनाले आफूले केही कुरा मात्र राख्ने भन्दै आफू TDBL बैंकको संस्थापक मेगा हुँदै NIMB सम्म आईपुगेको बताउनु भयो ।
- ➢ अहिलेको अवस्थामा बैंकले जसरि अगाडि बढ्नु पर्ने हो त्यसरि नगएको हो कि भन्ने लागेको छ खास समस्या के हो त्यसलाई हल गरेर अगाडि बढ्न पर्ने सुझाव दिनु भयो ।
- ➢ बैंकको शाखाहरु ५ मिनेटको फरकमा धेरै भएको हुनाले शाखाहरु स्तानान्तरण गर्ने हो कि बन्द गर्ने हो गर्न सुझाव दिनु भयो यसले बैंकको खर्च बढेको कर्मचारी धेरै भएको तर बैंकको बिजनेस नबढेको धारणा राख्नु भयो ।
- ➢ सहकारिमा जसरि बैंकहरुमा पनि समस्या आउनसक्ने तर्फ ध्यान आकर्षण गराउदै बैंकलाई पारदर्शि बनाउन नेतृत्वमा बसेकाहरुलाई सहि बाटोमा संस्थालाई लैजान सुझाव दिनुभयो ।

२२) **लिखित मन्तव्य :**

- ➢ नरसिंह लाल चखुं, जगन्नथ आचाय, बैजुनाथ रौनियार, सुदिप श्रेष्ठ र भिभूश्री शोभन पाण्डेले लिखित मन्तव्य पेश गर्नु भएकोमा उक्त लिखित मन्तव्य बैंकको सञ्चालक समितिको सचिवालयमा अभिलेख गरी राखिएको छ ।

MLK

NEPAL INVESTMENT MEGA BANK LTD.

**अध्यक्षको जवाफ :**

धेरै जनाले लाभांशको बारेमा सभामा कुरा उठाउनु भयो । अहिलेको अवस्थामा समग्र बैंकिङ्ग इन्डष्ट्री र देशको आर्थिक स्थिती मन्दि अवस्थामा रहेको तर पनि आगामी आर्थीक बर्षमा बैंकको सुधार राम्रो देखिएको हुँदा थोरै भए पनि लाभाशं दिन सकिन्छ कि जस्तो लागेको छ र हामिले प्रयास गरिरहेका छौ लाभाशं दिने कुरामा १०० प्रतिशत नै ढुक्क होईन तर केही लाभाशंको आश गर्न सक्ने जस्तो देखिएको छ ।

बैंकको NPL बढेको कुरा सत्य हो तर बैंकको पछिल्लो ६ महिनामा देखिएको सुधार निकै नै राम्रो छ । हाम्रो बैंक म्यानेजमेन्ट निकै राम्रो र सक्षम छ उहाँहरुले धेरै नै मेहेनत गरिराख्नु भएको छ र त्यसको नतिजा देखिदै छ ।

केहि प्रतिशत मुल्य घटायर भए पनि बैंकको गैर बैंकिङ्ग सम्पत्ती बेच्नको लागि बैंक म्यानेजमेन्टलाई भनेको छु त्यस्तो सम्पत्ती बीक्रि गर्न सकेमा बैंकको आम्दानी बढ्ने छ ।

देशमा देखा परेका समस्याहरुले बैंकलाई प्रभाव पार्छ तर त्यसको कन्ट्रोल हाम्रो हातमा नहुने र हामी बैंकर भएकोले आफ्नो काम गर्नु पर्ने धारणा राख्नु भयो ।

बैंकको खर्च अनावश्यक रुपमा भएको छैन म पनि बैंकको ठूलो शेयरधनी भएको हुनाले लाभाशं मलाई पनि आउने हो र म त्यसको लागी सबैभन्दा धेरै लागि रहेको छु भन्नु भयो ।

बैंकले लगानी गर्दाको समयमा भन्दा अहिले घर जग्गा धितोको मुल्य ३० प्रतिशतले घटेको र संसारमा नभएको नियम लगाएर हामीलाई FPO मा कर लगाएको र मुद्दा पनि हराएको हुनाले हामिलाई ठूलो नोक्सानी भयो ।

अहिले बैंकको खराब कर्जा घटाउन लागेका छौ र CEO ले धेरै मेहनत गरीराख्नुभएको छ उहाँको यस बैंकमा धरै ठूलो योगदान रहेको छ ।

प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता पाँच वर्ष देखि नबढेको र तलबको ४० प्रतिशत कर प्रयोजनमा जान्छ त्यसैले त्यसलाई धेरै भएको भन्न नमिल्ने र बोल्दा विचार पुराएर सभ्य भएर बोल्न शेयरधनीहरुलाई आग्रह गर्नु भयो ।

मर्जर अगाडी बैंकले राम्रो लाभाशं दिएको तर मर्जरले गर्दा केहि समस्या आएको र बैंकसँग NBA भए पनि बिक्रि गर्न नसकिएको र सो बिक्रि गर्न सके बैंकले राम्रो लाभाशं दिन सक्ने धारणा राख्नु भयो ।

पहिलेको अवस्थामा बैंकहरु राम्रो अवस्थामा रहेको तर अहिलेको अवस्थामा बैंकहरु समस्यामा रहेकोले बैंकहरुलाई ३० प्रतिशत Tax लगाउन नहुने सरकारले हेर्नु पर्ने धारणा राख्नु भयो ।

सरकारले Asset Management कम्पनी खोल्ने कुरो आएको र यो खुल्यो भने धेरै राम्रो हुने आशा व्यक्त गर्नु

भयो ।

USAID को Fund रोक्का भएपछी र नेपाल ग्रे लिस्टमा परेकोले केहि समस्या आउन सक्ने तर पछि नीति नियमहरु परिर्वतन हुने हुनाले खासै फरक नपर्ने धारणा राख्नु भयो ।

मर्जर पछि Staff नघटाउने भनेर नै मर्जर भएको र केहि Staff आफ्नै कारणले गर्दा हट्नु परेको कुरा सभामा राख्नु भयो ।

NEPAL INVESTMENT MEGA BANK LTD.

......................
मनिष कुमार सिंह
कम्पनी सचिव

......................
पृथ्वी बहादुर पाँडे
सभापति

मिति : २०८१ फागुन १५ गते ।